**निर्णय नं. १:**

मिति २०७८।०९।२६ को बैठकको समिक्षा गरियो ।

**निर्णय नं.२:**

स्थानीय तह संस्थागत क्षमता स्व-मुल्यांकन कार्यविधि (संसोधन सहित) २०७७ वमोजिम स्वमुल्यांकन गरी प्रारम्भिक नतिजा पेश गरिएकोमा जिल्ला समन्वय समितिको कार्यालयबाट प्राप्त पृष्टपोषणको आधारमा ८३.० अंक कायम हुन आएकोले उक्त प्राप्त अंक स्वीकृत गरी नतिजा सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**

रत्ननगर नगरपालिका वडा नं. १५, माधवपुरमा आधारभूत अस्पताल स्थापनाको लागि आवश्यक पर्ने जग्गाको व्यवस्था स्थानीयस्तरबाट भएको हुँदा भवन निर्माण भएपछि अस्पताल संचालनको लागि आवश्यक दरवन्दीको व्यवस्था नगरपालिकाबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:**

श्री जिल्ला आयूर्वेद स्वास्थ्य केन्द्र, बकुलहर, चितवनले आफ्नो सेवा विस्तार र विशिष्टिकरणका लागि भवन निर्माण गर्नुपर्ने भई जग्गा नपुग भएको एवं नेपाल औलो उन्मुलन संघको नाममा दर्ता रहेको साविक देवौली २क (हाल रत्ननगर नगरपालिका वडा नं. १) कि. नं. ३३५१ को क्षेत्रफल ०-९-० (नौ कट्ठा) जग्गा साथै सिमानामा रहेकोले उपयोगको लागि सहमती माग गरेकोमा हाल उक्त जग्गामा बकुलहर मा. वि. ले भौतिक संरचना बनाई भोगचलन गरिरहेको देखिएकोमा सर्वपक्षिय बैठकबाट समेत उक्त जग्गा जिल्ला आयूर्वेद स्वास्थ्य केन्द्रलाई उपयोग गर्न दिने सहमती भएको र जनस्वास्थ्यसंग सम्बन्धित विषय भएकाले उक्त जग्गा उक्त श्री जिल्ला आयूर्वेद स्वास्थ्य केन्द्रलाई उपयोग गर्न सहमती दिने र विद्यालयको आवश्यक भौतिक पुर्वाधार निर्माणको लागि पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

रत्ननगर नगर कार्यपालिकाको कार्यालयबाट संचालन गरिएका योजना तथा कार्यक्रम सम्झौता गरी निर्माण कार्यमा उदासीनता देखाई तोकिएको समयमा निर्माण सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई नियमानुसार कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ६:**

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ वमोजिमको सुचक पुरा गरेकोले रत्ननगर नगरपालिका वडा नं. ७ लाई मिति २०७८ माघ २८ बालमैत्री वडा घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

दृष्टिविहिन छात्रावास वडा नं. ५ मा कार्यरत कार्यालय सहयोगीलाई खाईपाई आएको स्केलमा १५,०००।- (पन्ध्र हजार) पुग्ने गरी मासिक रु. १,५५०।- (एक हजार पाँच सय पचास) थप सुविधा दिने निर्णय गरियो ।

**निर्णय नं. ८:**

रत्ननगर नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धि कार्यविधी, २०७५ वमोजिम तपसिलमा उल्लेखित निर्माण व्यवसायीहरुलाई ईजाजत पत्रका लागि समितिबाट सिफारिस सहित पेश भएकोले ईजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल:

क. ममु कन्स्ट्रक्सन कम्पनी प्रा. लि. रत्ननगर १६

ख. हिमाल हाउजिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा. लि. रत्ननगर १६

**निर्णय नं. ९:**

यस नगरपालिका कार्यालयमा कार्यरत नगर प्रहरी श्री खम्व बहादुर बस्नेत कार्यालयको काममा जाँदा दुर्घटनामा परी घाईते भएकोले निजको उपचारमा खर्च भएको बील वमोजिम अधिकतम रु. ५०,०००।- ( पचास हजार) औषधी उपचार शिर्षकबाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १०:**

रत्ननगर नगरपालिका वडा नं. ३ को कार्यालयबाट सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको बैंक खाता नेपाल बैंक लि. टांडीमा संचालन भैआएकोमा मिति २०७८ चैत्रदेखि रत्ननगर १ स्थित नारायणी डेभलपमेन्ट विकास बैंक लि. मा खोल्न आवश्यक व्यवस्था मिलाई दिनुहुन भनी वडा समितिको निर्णय सहित पत्र प्राप्त भएको हुँदा माग भएअनुसार उक्त बैंकबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:**

श्री भद्रकाली मा. वि. र.न.पा. १६, नेपाल मा. वि. र.न.पा. २ र बैरिया मा. वि. र.न.पा. १० को लागि स्कुल बस खरिद र एम्वुलेन्स खरिद गर्न सम्झौता भई अग्रिम भुक्तानी माग भैआएकोमा सम्बन्धित कम्पनीसंग बैंक जमानत लिई पेश्की दिने निर्णय गरियो ।

**निर्णय नं. १२:**

रत्ननगर ७ स्थित सौराहा घण्टाघरदेखि वडा नं. ६ को राप्ती ड्याकसम्म सडक सौन्दर्यीकरणको लागि नगर गौरव योजना शिर्षकबाट रु. १२,६९,०००।- (बाह्र लाख उनान्सत्तरी हजार) विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १३:**

प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत यस नगरपालिकाको लागि स्वीकृत योजना तथा कार्यक्रमहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४:**

श्रीकृष्ण प्रणामी बाईजुराज महिला जिल्ला समितिको माग वमोजिम महिला लक्षित कार्यक्रम अन्तर्गत अचार बनाउने तालिमको लागि रु. ४०,०००।- (चालिस हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १५:**

रत्ननगर नगरपालिका वडा नं. ६ स्थित बछौली चोकमा मान्छे सहितको हल गोरुको मूर्ती निर्माण कार्यको लागि थप रु. १,००,०००।- (एक लाख) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १६:**

रत्ननगर नगरपालिका वडा नं.९ को वडा कार्यालय भवन निर्माण व्यवसायी निहारिका विल्डर्स हेटौंडाले समयमा काम सम्पन्न नगरेकोले खरिद सम्झौता अन्त्य गरिएकोमा निजले सम्पादन गर्नुपर्ने बाँकी कार्य गर्न प्राविधिक प्रतिवेदन अनुसार रु. ६४,२५३।- (चौसठ्ठी हजार दुईसय त्रिपन्न) लाग्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ३(ख) मा भएको प्रावधान वमोजिम उक्त रकम कट्टा गरी बाँकी रकम भुक्तानी दिने निर्णय गरियो ।